# भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीबाट जारी भएको हकदावी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला कैलाली गौरीगंगा न.पा.वडा नं. ९ बस्ने सुखराम डगौंराको छोरा बर्ष ६४ को प्रभुराम डगौंराले श्री कैलाली जिल्ला अदालतबाट मिति २०७९/१/२१ गते प्रमाणित भएको फैसलाको फोटोकपी संलग्न राखी बुवा सुखराम डगौंराका नाउँमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली ऐठा वडा नं. ६ कि.नं. ४८ क्षेत्रफल ३७२५.०३४४, कि.नं. २४२ क्षेत्रफल २३७०.४७६६, कि.नं. २६ क्षेत्रफल ५०७.९६, कि.नं. ७७ क्षेत्रफल ११००५.७८३२, कि.नं. १४४ क्षेत्रफल २४५५.१३६५, कि.नं. २८ क्षेत्रफल ५०७.९५९२, कि.नं. ४३ क्षेत्रफल ४४८६.९७३१ कि.नं. १७८ क्षेत्रफल २११६६.४९६८ र ऐ. गदरिया गा.वि.स.वडा नं. १ कि.नं. १० क्षेत्रफल ०-४-१५ र वडा नं. २ कि.नं. १७ क्षेत्रफल ०-३-५ समेतका कित्ता जग्गाहरु ज.ध. सुखराम डगौंराको मिति २०५३/८/२१ गते र निजकी पत्नी सोनिया देवी चौधरीको मिति २०५३/२/२३ गते मृत्यु भएको हुँदा मेरा नाउँमा नामसारी गरी पाउँ भनि मिति २०७९/८/९ गते यस कार्यालयमा निवेदन पेश गर्नु भएको र उक्त निवेदनको सन्दर्भमा श्री उच्च अदालत दिपायलबाट मिति २०८१/१/२० मा भएको आदेश र श्री कैलाली जिल्ला अदालतबाट मिति २०८०/४/२१ गते भएको आदेशमा निवेदक प्रभुराम डगौंरा थारुले दिएको द.नं. ४८३८ को निवेदन सम्बन्धमा जे, जो प्रमाण बुझ्नु पर्ने हो हेरि बुझि यथाशिघ्र कानून वमोजिम निर्णय गर्नु होला भनि आदेश प्राप्त हुन आएकोले निवेदकले माग गरेको अनुसारको जग्गामा निज बाहेक अन्य कोहि हकदार भए वा निवेदकको नाउँमा एकलौटी नामसारी गर्नु नपर्ने कुनै कारण आफूसँग भएको प्रमाण सहित ३५ दिन भित्र हकदावी गर्न आउनु होला अन्यथा नियमानुसार भै जाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

इति सम्वत २०८१ साल अषाढ ५ गते रोज ४ मा शुभम् .....।

प्रेम बहादुर दौत्याल
प्रमुख मालपोत अधिकृत